काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



❐ वर्ष : २५ ❐ अंक : २२१ ❐ आइतवार, १० जेठ, २०८३ ❐ Sunday, 24 May 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

कर्णालीमा असारमै नियमविपरीत रकमान्तर गर्ने चलन कायम

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, ९ जेठ

कर्णालीमा आर्थिक वर्षको अन्तिम महिना असारमा मन्त्रालयहरूले नियमविपरीत ठूलो परिमाणमा रकमान्तर गर्ने प्रवृत्ति अझै कायम रहेको छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार कुनै पनि मन्त्रालयले एक विनियोजन संकेतभित्र १० प्रतिशतसम्म मात्रै रकमान्तर गर्न पाउने व्यवस्था भए पनि व्यवहारमा भने त्यो सीमा उल्लंघन हुने गरेको पाइएको
हो। महालेखापरीक्षकको ६३ औं प्रतिवेदनअनुसार प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ का कुल बजेट ३१ अर्ब ४१ करोड ४१ लाख रुपैयाँ विनियोजन गरिएकोमा जसबाट ठुलो रकम नियम विपरित रकमान्तर गरिएको उल्लेख छ।

यस्तै कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा २० मा विनियोजन ऐन बमोजिम १० प्रतिशतको सीमाभित्र रही मन्त्रालयले रकमान्तर गर्न सक्ने उल्लेख छ। तर प्रदेश सरकारले कुल बजेटमध्ये अर्थ विविधको चालु खर्चतर्फ विनियोजन भएको कुल ८० करोड तथा पुँजीगततर्फ एक अर्ब ५० करोड सगरी गत वर्ष दुई अर्ब ३० करोड रकमान्तर गरेको छ।

जसमध्ये आठ करोड ३५ लाख ६ हजार तथा अन्तर अनुदान संख्याको एक अर्ब ४५ करोड १४ लाख पाँच हजारसमेत गरी एक अर्व ५३ करोड ४९ लाख ११ हजार रकमान्तरबाट थप



घट गरिएको हो। उक्त रकमान्तरमध्ये अर्थ विविध र अन्तर अनुदान संख्यामा भएको कूल रकमान्तरको ६.३१ प्रतिशत अर्थात् नौ करोड ६८ लाख २१ हजार आषाढ महिनामा रकमान्तर भएको उल्लेख छ।

प्रदेश सरकारले वार्षिक नीति तथा कार्यक्रममा आषाढ महिनामा रकमान्तर नगर्ने नीति लिए पनि कार्यान्वयनमा आफै उल्लंघन गरेको हो। अर्थ विविधमा एकमुष्ठ बजेट राखि अन्य कार्यक्रममा र वर्षान्तमा रकमान्तर गर्ने कार्य रोक्न महालेखाले पटक पटक सुझाव दिदै आए पनि प्रदेश सरकारले टेरेको छैन।

प्रतिवेदनमा आर्थिक वर्षको अन्तिम समयमा बजेट व्यवस्थापनमा कमजोरी देखिएको भन्दै सुरुमै यथार्थपरक योजना र बजेट विनियोजन गर्न सुझाव दिइएको छ। वर्षको अन्त्यमा हतारमा बजेट सार्ने र खर्च मिलाउने प्रवृत्तिले वित्तीय अनुशासन कमजोर बनाउने तथा विकास कार्यक्रमको प्रभावकारिता घटाउने औंल्याइएको छ।

महालेखापरीक्षकले असारमा गरिने रकमान्तरलाई नियन्त्रण गर्न स्पष्ट मापदण्ड कार्यान्वयन गर्न र बजेट खर्च प्रणालीलाई थप पारदर्शी बनाउन सरकारलाई सुझाव दिएको हो। यस्तै आर्थिक वर्ष ०८०/८१ मा ३ अर्ब ८ करोड ३६ लाख ६९ हजार रकमान्तर गरिएको थियो। प्रदेश सरकारले खर्च बढाउन रकमान्तरको सहारा लिइरहेको छ। प्रदेश सरकारका सबै मन्त्रालयहरूले खर्च बढाउन हरेक वर्ष कानून विपरीत अर्बौं बजेट रकमान्तर गरी खर्च गर्ने परीपाटी बसालेका छन्।

प्रदेश सरकारको बजेट वक्तव्यको बुँदा नं. २२९ तथा प्रदेश विनियोजन ऐनमा रकमान्तर गरिने प्रवृत्तिमा सुधार ल्याउने र असारमा रकमान्तर नगरिने प्रतिवद्धता व्यक्त गरिएको छ। तर बजेट वक्तव्य तथा आर्थिक ऐनको आफै पालना गरिएको छैन।

आठ वर्षमा ४८ अर्ब बढी रकमान्तर

वित्तीय अनुशासनको समेत पालना नगरी विगत आठ आर्थिक वर्षमा कर्णाली सरकारले ४८ अर्ब १५ करोड ५५ लाख बढि बजेट रकमान्तर गरेको छ। जसमध्ये असारमा मात्रै ९ अर्ब ६७ करोड ६९ लाख बढि बजेट रकमान्तर भएको छ। प्रदेश सरकारले हरेक वर्ष असार महिनामा बजेट रकमान्तर गर्ने चलन अँझै सुधार्न नसकेको हो।

आर्थिक वर्षको १० महिनासम्म ठप्प बस्ने तर जेठ, असारमा आएर खर्च बढाउन रकमान्तर गर्ने चलन हट्नुको सट्टा झन् स्थापित हुन थालेको छ। हरेक वर्ष महालेखा परिक्षकको कार्यालयले आर्थिक मितव्ययीता कायम गर्न लेखापरिक्षण मार्फत वर्षान्तमा रकमान्तर नगर्न पनि सुझाव दिदै आएको छ।

तर प्रदेश सरकारले यो सुझाव कार्यान्वयनमा ध्यान दिएको छैन। सुझावका आधारमा आर्थिक मितव्ययीता कायम गर्न जथाभावी रकमान्तर न्यूनिकरणमा जोड दिनुपर्ने हो। तर सुझाव कार्यान्वयन गर्नुको साटो उल्टै बेरुजु बढ्ने गरी ऐन विपरीत वर्षेनी धमाधम बजेट रकमान्तर गर्ने गरिएको हो।

आव ०७४/७५ बाहेक अरु सबै आर्थिक वर्षमा प्रदेश सरकारले ऐन विपरीत अर्बौं बजेट रकमान्तर गरेको छ। आव ०८०/८१ को असार महिनामा मात्रै ३४ करोड ४८ लाख ९७ हजार रकमान्तर गरियो। यो वर्ष स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमअन्तर्गत छात्रवृत्ति करारमा कार्यरत चिकित्सक तथा कर्मचारीको तलव भत्ताबापत ३ करोड ६१ लाख ५३ हजार र स्वीकृत वार्षिक बजेटमध्ये विभिन्न ११ निकायको अनुरोधमा ३ अर्ब ८ करोड ३६ लाख ६९ हजार रकम आर्थिक मामिला तथा योजना मन्त्रालयले रकमान्तर गरेको हो।

यस्तै आर्थिक वर्ष ०७९/८० मा झन् ठुलो रकम रकमान्तर भयो। यो वर्ष अर्थ विविध र स्थानीय तहसमेत १५ निकायको अनुरोधमा १३ अर्ब २५ करोड ३७ लाख ४३ हजार अर्थात कुल बजेटको ४०.६३ प्रतिशत रकमान्तर गरिएको हो। जसमध्ये असार महिनामा मात्रै ६२ करोड ९१ लाख ११ हजार रकमान्तर गरियो।

कर्णाली प्रदेश बाँकी पृष्ठ २

'सरकारी विज्ञापन पारदर्शी तरिकाले वितरण हुन्छ'



❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, ९ जेठ

सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले सरकारी विज्ञापन वितरणमा व्यापक अनियमितता र चलखेल हुने गरेको गुनासो आएपछि त्यसलाई रोक्नुपरेको बताएका छन्।

एक कार्यक्रममा बोल्दै सञ्चारमन्त्री तिमिल्सिनाले सञ्चार क्षेत्रभित्र वास्तविक आवश्यकता भएका संस्थाले राज्यको सहयोग नपाउने तर केही संस्थाले दुरुपयोग गरिरहेको अवस्थाबारे पर्याप्त आवाज नउठेको टिप्पणीसमेत गरे।

'पाउनुपर्ने मिडियाले सहयोग पाइरहेका छैनन्, तर नपाउनुपर्नेले दुरुपयोग गरिरहेका छन् भन्ने विषयमा सञ्चार क्षेत्रबाट बलियो आवाज उठ्न सकेन,' उनले भने। उनले श्रमजीवी पत्रकार, अनुसन्धानकर्ता, प्राज्ञिक क्षेत्र तथा सरोकारवालाले समेत यस विषयमा पर्याप्त अध्ययन, अनुसन्धान तथा बहस नगरेको धारणा राखे।

सरकारी स्रोत जनताको करबाट संकलित हुने भएकाले त्यसको उपयोग पारदर्शी, उत्तरदायी र बाँकी पृष्ठ ३

बालबालिकाको खानपान र स्वास्थ्यमा ध्यान दिऔं ।

- सन्तुलित र पौष्टिक आहार नियमित खुवाऔं,
- जंकफुड तथा अत्यधिक चिनी, नुन र तेलयुक्त खानेकुरा घटाऔं,
- नियमित खोप लगाऔं, स्वास्थ्य जाँच समयमै गराऔं,
- स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं,
- हातधुन र सरसफाइ गर्न सिकाऔं,
- पर्याप्त निद्रा र दैनिक खेलकुद/व्यायाममा प्रोत्साहन गरौं,
- मोबाइल/स्क्रिन समय सीमित गरौं,
- मानसिक स्वास्थ्य र सकारात्मक व्यवहारमा ध्यान दिऔं ।

स्वस्थ बालबालिका, उज्ज्वल भविष्यको आधार ।

नेपाल सरकार
विज्ञापन बोर्ड

टीबी र एन्टिबायोटिक औषधिको जथाभावी प्रयोगबारे सचेतना फैलाउने युवाको प्रतिबद्धता

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, ९ जेठ

कर्णालीका युवाहरूले क्षयरोग (टीबी) सँगै एन्टिबायोटिक औषधिको जथाभावी प्रयोगले निम्त्याउने समस्याबारे गाउँ-गाउँमा सचेतना फैलाउने प्रतिबद्धता व्यक्त गरेका
छन्।

सुर्खेतको वीरेन्द्रनगरमा नि-म्याट ग्लोबल र ग्लोबल कोअलिशन अफ टीबी एड् भोकेट (जीसीटीए) को साझेदारीमा आयोजित कार्यक्रममा युवाहरुले यस्तो प्रतिबद्धता जनाएका हुन्। कर्णाली प्रदेशस्तरीय युवा नेतृत्व विकास, क्षयरोग नियन्त्रण तथा एन्टिबायोटिक



औषधिको असावधानीपूर्ण प्रयोगबाट उत्पन्न हुने प्रतिरोधी समस्याबारे छलफल गरिएको कार्यक्रममा कर्णालीका विभिन्न जिल्लाका २० भन्दा बढी सक्रिय युवा सहभागी थिए।

कार्यक्रममा युवाहरूलाई क्षयरोगका आधारभूत पक्ष, रोगको पहिचान, उपचार प्रक्रिया तथा एन्टिबायोटिक औषधिको जथाभावी प्रयोगले निम्त्याउने चुनौतीबारे नि-म्याट ग्लोबलका कार्यकारी निर्देशक मधुसुदन काफ्लेले जानकारी गराएका थिए। उनले क्षयरोग लागेमा औषधि निःशुल्क पाईने, पूरा औषधि सेवन गर्ने, लागिहालेमा नडराउनेजस्ता विषयमा समुदाय र परिवारमा सचेतना जगाउन युवालाई आग्रह गरे। बाँकी पृष्ठ २

काँक्रेविहार राष्ट्रिय दैनिक दृष्टिकोण

आइतवार, १० जेठ, २०८३
Sunday, 24 May 2026

सम्पादकीय

आश्वासन मात्रै बाँइने प्रवृत्ति अन्त्य गर

कर्णाली प्रदेश सरकारअन्तर्गत निर्माणाधीन बड्डीचौर-खम्बागाडे सडक आयोजना फेरि एकपटक सुस्त प्रगतिका कारण चर्चामा आएको छ । आर्थिक वर्ष २०७९ मा दुई वर्षभित्र सम्पन्न गर्ने लक्ष्यसहित सुरू गरिएको यो आयोजना हालसम्म ४० प्रतिशत भौतिक र ३२.५ प्रतिशत वित्तीय प्रगतिमा सीमित हुनु आफैंमा गम्भीर प्रश्न हो । विकास निर्माणलाई तीव्रता दिने भन्दै स्थापना भएको प्रदेश सरकारकै महत्वपूर्ण सडक आयोजना लामो समयसम्म अधुरै रहनु केवल प्राविधिक समस्या होइन, कार्यक्षमता र जिम्मेवारीको परीक्षण पनि हो ।

निर्देशनालयले रूख कटान, भोगाधिकार, विद्युत् लाइन सार्ने प्रक्रिया र संघीय सरकारको ढिलाइलाई मुख्य कारण बताएको छ । निश्चय पनि यस्ता प्रशासनिक जटिलताले आयोजना प्रभावित हुन्छन् । तर यस्ता अवरोध समयमै समाधान गर्न सक्ने क्षमता नै सरकारी संयन्त्रको दक्षताको मापन हो । निर्माण सुरू भएको यति लामो समयपछि पनि फेरि म्याद थपको तयारी हुनु भनेको सुरूदेखिको योजना, समन्वय र कार्यान्वयन कमजोर रहेको स्पष्ट संकेत हो । निर्माण कम्पनीले महँगी, इन्धन अभाव, ढुवानी समस्या र जनशक्ति अभावलाई कारण देखाएको छ । पछिल्लो समय निर्माण क्षेत्रमा लागत वृद्धि भएको यथार्थलाई नकार्न सकिँदैन । तर समस्या देखाएर मात्र जिम्मेवारीबाट उम्किन मिल्दैन । ठेक्का लिँदा गरिएका प्रतिबद्धता र प्रस्तुत कार्यतालिकाको सम्मान गर्नु निर्माण व्यवसायीको दायित्व हो । समयमै काम गर्न नसक्दा यसको प्रत्यक्ष असर स्थानीय नागरिकले भोग्नुपरेको छ । यो सडक केवल भौतिक पूर्वाधारको आयोजना मात्र होइन, स्थानीय जनजीवनसँग प्रत्यक्ष जोडिएको विकासको आधार हो । सडक स्तरोन्नति नहुँदा वर्षायाममा यातायात अवरूद्ध हुने, व्यापार-व्यवसाय प्रभावित हुने, बिरामी र विद्यार्थीले सास्ती भोग्ने अवस्था वर्षेनी दोहोरिने गरेको छ । मनसुन नजिकिँदै गर्दा पनि सडक अझै पूर्ण रूपमा सञ्चालनयोग्य बन्न नसक्नु चिन्ताजनक विषय हो ।

प्रदेश सरकारले विकासलाई प्राथमिकता दिने दाबी गर्दै आए पनि यस्ता आयोजनाको सुस्त कार्यान्वयनले त्यो दाबी कमजोर बनाइदिएको छ । अनुगमन, समन्वय र जवाफदेहिताको अभावले कर्णालीका धेरै आयोजना समयमै सम्पन्न हुन सकेका छैनन् । सार्वजनिक सूचना निकालेर चेतावनी दिनुभन्दा प्रभावकारी कार्यान्वयन र आवश्यक कारबाहीतर्फ सरकार गम्भीर बन्नुपर्छ । अब पनि निर्माण कम्पनी र सरकारी निकायले जिम्मेवारीपूर्वक काम नगर्ने हो भने यो सडक आयोजना फेरि अर्को वर्ष पनि अधुरै रहने खतरा छ । विकासका नाममा वर्षौंसम्म जनतालाई आश्वासन मात्रै बाँड्ने प्रवृत्ति अन्त्य हुनुपर्छ । बड्डीचौर-खम्बागाडे सडक समयमै सम्पन्न गर्नु अब सरकार र निर्माण व्यवसायी दुवैको परीक्षा बनेको छ ।

शर्म गुमाउनेहरूसँग छेपारो पनि छक्क !



लोभी, स्वार्थी र आत्मसमर्पणवादीहरु कसैका पनि हितैषी हुँदैनन् । तिनीहरुले जसलाई पनि, जुनसुकै बेला पनि त्यागन, धोखा दिन सक्छन् र जसलाई पनि पतन गराउनको लागि जुनसुकै बेला दुरुपयोग हुन सक्छन् । तिनीहरुको क्रियाकलापको भविष्यवाणी तिनीहरु स्वयंले पनि गर्न सक्दैनन् ।

✍ कल्याण गुरुङ

सत्ता, लालच र नीजि स्वार्थको लागि इमान त्याग्नेहरुलाई केही भन्नु छैन ।

समाजमा इमान त्याग्ने र बेच्नेहरु मात्रै छैनन्, इमानदारहरु पनि प्रशस्त छन् ।

जहाँनिया राणाकालमा महान् शहीदहरु लखन थापा मगर, गंगालाल श्रेष्ठ, दशरथ चन्द, धर्मभक्त माथेमा, शुक्रराज शास्त्रीको साथसाथै टंकप्रसाद आचार्य, कृष्णप्रसाद कोइराला, दिव्या कोइराला, बीपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला र मंगलादेवी सिंहहरुले जहाँनिया राणा शासनविरुद्ध संघर्ष नगर्नुभएको भए के नेपालमा जहाँनिया राणाशासनको अन्त्य हुन सक्थ्यो र ?

महान् शहीदहरु लखन थापा मगर, गंगालाल श्रेष्ठ, दशरथ चन्द, धर्मभक्त माथेमा र शुक्रराज शास्त्रीको साथ साथै कृष्णप्रसाद कोइराला, दिव्या कोइराला, बीपी कोइराला, सुवर्ण शमसेर, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइरालाहरुले सत्ता र व्यक्तिगत स्वार्थको लागि तत्कालीन सत्तासंग आत्मसमर्पण र अनुचित सम्झौता गर्नुभएको भए के आज वहाँहरु स्मरणयोग्य हुनुहुन्थ्यो होला र ?

के महान् शहीदहरुले आफ्नो प्राण आहुति दिएर शहादत प्राप्त नगर्नुभएको भए नेपालमा जहाँनिया राणा शासनको अन्त्य र लोकतन्त्रको पुनर्वहाली संभव थियो र ?

बीपी कोइराला, सुवर्ण शमसेर, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजा प्रसाद कोइराला, महेन्द्रनारायण निधि, दिवानसिं राई, रामनारायण मिश्र, मीनबहादुर गुरुङ, शेष इद्रिस, बलबहादुर राई, भीमबहादुर तामाङ, मंगलादेवी सिंह, सुशील कोइराला, शेरबहादुर देउवा, रामचन्द्र पौडेल, शैलजा आचार्य, वसन्त कुमार गुरुङ, रामहरि जोशी, केबी गुरुङ, भूविक्रम नेम्वाङ र नोना कोइराला लगायतका नेताहरुले तत्कालीन पंचायत व्यवस्थाविरुद्धको संघर्षको दौरान लोकतन्त्रको पुनर्बहालीको लागि सिद्धान्तनिष्ठ भएर अनवरत संघर्ष गर्दै जेल र प्रवासमा नबसेर तत्कालिन सत्ता र नीजि स्वार्थसंग आत्मसमर्पण र सम्झौता गरेको भए नेपालमा के लोकतन्त्रको पुनर्बहाली सम्भव थियो र ?

यसमा धेरैको नाम छुटेको छ, त्यसको लागि पंक्तिकार क्षमाप्रार्थी छ ।

नेपालमा माओवादीको हिंसात्मक द्वन्द्वको समयमा उनीहरुसंग कहिल्यै पनि सम्झौता र आत्मसमर्पण नगरेको तथा संघर्ष गरिरहेको कारणले उनीहरुले मारेका र अंगभंग गरेर गम्भीर घाइते बनाएकाहरु हजारौं हुनुहुन्छ । वहाँहरुले मृत्युवरण गर्न स्विकार्नु भयो तर उनीहरुसँग आत्मसमर्पण र सम्झौता गर्नुभएन ।

सिद्धान्तनिष्ठ राजनीति र सत्ताको राजनीति बीचमा संघर्ष सदैव रहन्छ, हिजो पनि थियो, आज पनि छ र भोली पनि रहनेछ । सिद्धान्तनिष्ठ बाटो भएर सत्तामा जाने विधिको प्रक्रिया रोज्ने कि सत्ताको लागि आफ्नो सिद्धान्त बेच्ने सजिलो उपाय रोज्ने ? यो रोजाइले मानिसको असली चरित्र र भविष्यको मार्ग प्रदर्शन गर्छ ।

भाषण सिद्धान्तको गर्ने तर सत्तामा जान जोसंग र जेसुकै पनि सम्झौता गर्न तयार हुनेहरु प्रशस्त छन् । उनीहरुको दोधारे व्यवहार हेरेर थाहा भइहाल्छ । हिजो पनि धेरै मानिसहरुले तत्कालीन निर्दलीय पंचायत व्यवस्थासंग सत्ता र स्वार्थको लागि आत्मसमर्पण र सम्झौता गरेकै हुन् । सत्ता र नीजि स्वार्थको लागि राज्य र संगठनको सत्तासंग आत्मसमर्पण गर्ने मानिसहरुको कमी कहिल्यै पनि हुँदैन । तर तिनीहरु कहिल्यै पनि कसैको पनि हितैषी हुँदैनन् र समयसंगै परिवर्तन हुँदै र बिलाउदै जान्छन् ।

वि.सं २०४६ अगाडिको मात्रै होइन, वि.सं. २०५९ र २०६१ पछि पनि कठिन र असहज परिस्थितिमा धेरै मानिसहरु दुलोभित्र लुकेका दृष्टान्तहरु जीवित नै छन् र स्थिति सहज भएपछि तिनै मानिसहरु नै ठुलठुलो स्वरले लाजै नमानी कराउँदै आएको देख्ने मानिसहरु पनि प्रशस्त नै छन् ।

सत्ता र स्वभिमानबीच सदैव संघर्ष हुन्छ । नीजि स्वार्थ र आत्मसम्मानबीच पनि सदैव संघर्ष हुन्छ । यसप्रकारको मनोवैज्ञानिक, मानसिक र व्यवहारिक संघर्षमा जसले आत्मसम्मान र स्वाभिमानलाई जोगाउन सक्छ, उही नै भविष्यसम्म स्मरणयोग्य हुन्छ ।

सत्ता राज्यको होस् वा संगठनको; त्यो सत्तालाई तिनै लोभी, स्वार्थी र आत्मसमर्पण गर्नेहरुको जत्थाले नै वरिपरिबाट घेरेर चाँडै सिध्याएको प्रत्यक्ष उदाहरण नेपालमा प्रशस्त देख्न र पढ्न सकिन्छ । तिनीहरुले पहिले प्रशंसा र चाकडीको पहाड बनाउँछन् र त्यही पहाडमुनि षडयन्त्रको गहिरो र साँघुरो प्रशस्त खाल्टोहरु खनिरहन्छन् । कुन बेला कसलाई चलाखीपुर्वक कुन खाल्टोमा खसाल्छन्, थाहै हुँदैन ।

लोभी, स्वार्थी र आत्मसमर्पणवादीहरु कसैका पनि हितैषी हुँदैनन् । तिनीहरुले जसलाई पनि, जुनसुकै बेला पनि, त्याग्न र धोखा दिन सक्छन् र जसलाई पनि पतन गराउनको लागि सहयोगी र उत्प्रेरकको रुपमा जुनसुकै बेला पनि दुरुपयोग हुन सक्छन् । तिनीहरुको क्रियाकलापको भविष्यवाणी तिनीहरु स्वयंले पनि गर्न सक्दैनन् । झट्ट बाहिरबाट हेर्दा तिनीहरु सबैको प्रिय भएको जस्तो चिप्लो, सहज र सस्तो देखिन्छन्, तर यथार्थमा तिनीहरु कसैको पनि हितैषी हुँदैनन्, आफ्नो नीजि स्वार्थको बाहेक ।

बीपी कोइरालालाई धोखा दिएर धेरै मान्छेहरु तत्कालीन पंचायतको जयजयकार गर्दै पंचायतमा गए तर बीपीले संघर्षको बाटो रोज्नुभयो । जीवनभर दुःख पाउनुभयो तर तत्कालीन पंचायतसँग सम्झौता र आत्मसमर्पण गर्नुभएन । यसैले बीपी आज हरेक लोकतन्त्रवादीले स्मरण गर्ने नाम हुनुभयो । तत्कालीन पंचायतमा गएकाहरु कता हराए पत्तै छैन ।

सत्ता र स्वभिमानबीच सदैव संघर्ष हुन्छ । नीजि स्वार्थ र आत्मसम्मानबीच पनि सदैव संघर्ष हुन्छ । यसप्रकारको मनोवैज्ञानिक, मानसिक र व्यवहारिक संघर्षमा जसले आत्मसम्मान र स्वाभिमानलाई जोगाउन सक्छ, उही नै भविष्यसम्म स्मरणयोग्य हुन्छ । जसले जोगाउन सक्दैन, उसलाई या त सत्ताको रापले खरानी बनाइदिन्छ, या त सत्ताको मातले अन्धो वा दुर्व्यसनी बनाइदिन्छ ।

सोच्छु- बीपी कोइरालाले तत्कालीन सत्तासंग सम्झौता र आत्मसमर्पण गरेको भए प्रधानमन्त्री रहिरहनुहुन्थ्यो होला । तर, सम्झौता गर्नुभएन । गणेशमान सिंहले प्रधानमन्त्रीको पद त्याग गर्नुभयो । धेरै नेताहरुलाई तत्कालीन पंचायतले प्रधानमन्त्री र मन्त्री पदको लागि बोलाएको थियो तर वहाँहरुले तत्कालीन पंचायतसंग सम्झौता र आत्मसमर्पण गरेर जानुभएन । यसैले वहाँहरु नेता बन्नुभयो । वहाँहरु मध्ये धेरैले जीवनमा सत्ताको नाममा केही पाउनुभएन,आत्मसम्मान र स्वाभिमान बाहेक । यी यस्ता अदृश्य ताकत हुन्, जसले संसारलाई सकारात्मकरुपले बदल्न प्रेरणा दिन्छ ।

तर आज केही मानिस आ-आफ्नो परिवार र नातागोताको तुच्छ स्वार्थको लागि जोसंग, जे पनि, जति बेला पनि र जति पटक पनि सम्झौता र आत्मसमर्पण गर्न सक्ने रहेछन् र जसलाई पनि जुनसुकै बेला पनि धोखा दिन सक्ने रहेछन् । तिनीहरुलाई स्वयंसँग लाज लाग्छ कि लाग्दैन ? छेपारो भन्दा पनि धेरै चाँडो र अनेक पटक रंग बदल्न सक्ने कस्ता जीवहरु आएछन् भनेर छेपारो पनि छक्क परेको होला ।

समाजले यो सबै चर्तिकलाहरु हेरिरहेको छ र यसको उचित जवाफ समाजले नै उचित समयमा दिनेछ ।

कर्णालीमा...

विनियोजन ऐन, २०७९ को दफा ४(२) मा रकमान्तर सम्बन्धी व्यवस्था छ । तर संसदबाट अनुमोदित बजेटलाई विनियोजन ऐनले तोकेको सीमा भन्दा बढी हुनेगरी वर्षान्तमा रकमान्तर गरिएको हो । कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ (२) मा चालु बजेटबाट चालु खर्च शीर्षक र पुँजीगत बजेटबाट पुँजीगत खर्च शीर्षकमा जुन शीर्षकमा रकमान्तर गरिने हो सो को २५ प्रतिशत भन्दा बढी नहुने गरी सम्बन्धित सचिवले र सो भन्दा बढी रकम एक उपशीर्षकबाट अर्को उपशीर्षकमा रकमान्तर आर्थिक मामिला तथा योजना मन्त्रालयले गर्न सक्ने व्यवस्था छ ।

तर प्रदेश सरकारले उक्त व्यवस्था विपरीत आर्थिक वर्ष ०७८/७९ मा १७ अर्ब ७९ करोड ६ लाख ६ हजार रकमान्तर गरेको थियो । सोमध्ये असार महिनामा मात्रै १ अर्ब ८१ करोड ४ लाख ८० हजार रकमान्तर गरी कार्यक्रम स्वीकृत गरियो । आर्थिक मन्त्रालयले उक्त वर्ष विभिन्न मन्त्रालय तथा केन्द्रीय निकायहरूमा वर्षान्तमा रकमान्तर गरी खर्च गरिएको हो ।

पटके निर्णयमै रकमान्तर

कर्णालीको संसदबाट स्वीकृत भएको बजेटबाट वर्षको अन्तिममा पटके निर्णय गरी कार्यक्रम थपघट गर्ने तथा पुष्ट्याई बेगर रकमान्तर गरी बजेट थप गर्ने परिपाटी कायमै छ । यो बजेट सिद्धान्त विपरीत हो । संसदीय निगरानी र आर्थिक अनुशासन पालना नगरी बजेट खर्च गर्ने परिपाटीले बेरुजुसँगै भ्रष्टाचार पनि बढ्दै गएको छ ।

गत आवमा प्रदेश सरकारले ७३ पटक रकमान्तर गरेको छ । सामाजिक विकास मन्त्रालयले पटके निर्णयमै १९ पटक गरी कुल १५ करोड ३३ लाख बढि रकम जेठ, असारमा रकमान्तर गरेको छ । यस्तै भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले १७ पटक गरी कुल ९० करोड १० लाख बढि बजेट रकमान्तर गरेको छ ।

आन्तरिक मामिला तथा कानून मनत्रालयले ३ पटकमा १ करोड ३१ लाख, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले ७ पटकमा ५ करोड ३५ लाख र आर्थिक मामिला तथा योजना मन्त्रालयले ४ पटकमा ३६ लाख ६५ हजार रकमान्तर गरेका छन् । यस्तै जलस्रोत तथा उर्जा विकास मन्त्रालयले १२ पटकमा १३ करोड ८९ लाख, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले ४ पटकमा १ करोड ३३ लाख ८७ हजार र मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयले २१ लाख ५० हजार बजेट रकमानतर गरेका थिए ।

त्यस्तै आर्थिक वर्ष ०७७/७८ मा कर्णाली सरकारले पटके निर्णयमै ५ अर्ब ७१ करोड १२ लाख रकमान्तर गरेको थियो । त्यसमध्ये असारमा मात्रै १ अर्ब २ करोड २८ लाख ७८ हजार रकमान्तर गरियो । अर्थ विविध शीर्षकमा चालू खर्चतर्फ १ अर्ब र पुँजीगत खर्चतर्फ ५० करोड समेत गरी जम्मा १ अर्ब ५० करोड एकमुष्ठ बजेट विनियोजन गरेकोमा अर्थ मन्त्रालयले रकमान्तर गरी विभिन्न मन्त्रालयमा पठायो ।

जसमा चालूतर्फ ८५ करोड ८७ लाख ६७ हजार र पुँजीगततर्फ ३४ करोड २६ लाख ३९ हजार गरी जम्मा १ अर्ब २० करोड १४ लाख निकासा गरिएको थियो । यो रकम कुल बजेटको ३.५६ प्रतिशत हो । सोही वर्ष अर्थ मन्त्रालयले असारमा आएर ३४ करोड ३ लाख ८० हजार अर्थ विविध शीर्षकबाट निकासा गरेको थियो । मन्त्रालयमा सुरु बजेट विनियोजन न्यून गरी अर्थ विविधबाट निकासा एवं रकमान्तर गर्दै थप गर्ने परिपाटी बजेट सिद्धान्त विपरीत हो ।

प्रदेश सरकारले आर्थिक वर्ष ०७६/७७ मा पनि पटके निर्णय गरेर ६ अर्ब ६ करोड ६५ लाख १० हजार रकमान्तर गर्‍यो । जसमा ४ अर्ब बढि रकमान्तर वर्षान्तको अन्तिम हप्तामा गरी विभिन्न शीर्षक उपशीर्षकमा रकम थप गरियो । यसरी रकमान्तर भई निकासा भएको रकमको मित्तव्ययी र दक्षतापूर्ण उपयोगको सुनिश्चितता गरेको देखिदैन ।

यस्तै आर्थिक वर्ष ०७५/७६ मा असार महिनामा आएर पटके निर्णय गरी ८६ करोड ११ लाख ७३ हजार विभिन्न शीर्षकमा रकमान्तर गरिएको थियो । वर्षान्तमा रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्न दिएको सुझाव पालना गर्नुको साटो प्रदेश सरकार झन् उल्लंघन गर्दै गएको छ ।

टीबी...

साथै उनले पछिल्लो समय एन्टिबायोटिकको जथाभावी प्रयोग बढ्दै गएको भन्दै चिकित्सकको पुर्जीबिना प्रयोग नगर्न, रातो धर्का भएका एन्टिबायोटिक मात्र प्रयोग गर्नका लागि पनि गाउँ-गाउँमा जनचेतना जगाउन आवश्यक रहेको बताए ।

कार्यकारी निर्देशक काफ्लेले कर्णालीका युवाहरुले जनस्वास्थ्यका समस्या आफ्नै जिम्मेवारी ठानेर समाधान खोज्ने उत्साह देखाउनुपर्नेमा जोड दिए ।

कार्यशालामा सहभागी युवाहरूले आफ्नो क्षेत्रका अनुभव र स्वास्थ्य चुनौतीबारे खुला रूपमा धारणा राखेका थिए । जुम्लाकी ज्वाला रोकायाले कार्यक्रमले टीबीका प्राविधिक तथा सामाजिक पक्षसँगै जनस्वास्थ्यका विषयमा नयाँ जानकारी हाँसिल गर्ने अवसर दिएको बताइन् ।

'हामीले यसबारे आफ्नो समाजमा पनि जानकारी दिनेछौं, उनले भनिन् 'यसले समुदायमा काम गर्दा आवश्यक ज्ञान र आत्मविश्वास दुवै दिएको छ ।'

सुर्खेतका उदयमान पाङ्गालीले टीबी र औषधिको सही प्रयोगबारे सचेतना फैलाउने अभियानलाई अझ प्रभावकारी र व्यापक बनाउन आगामी दिनमा थप सक्रिय हुने प्रतिबद्धता जनाए । उनले भने, 'हामी सबै मिलेर आ-आफ्नो समुदायमा पुगेर सचेतना फैलाउने कामलाई अभियानकै रूपमा अघि बढाउँछौं ।'

त्यस्तै, कालिकोटको नरहरिनाथ गाउँपालिकाका अकेन्द्र दर्जीले कार्यशालाबाट सिकेको ज्ञान गाउँ-गाउँसम्म पुऱ्याउने योजना सुनाए । कालिकोटमा पनि समूह बनाएर सचेतनामूलक अभियान सञ्चालन गर्ने उनको भनाइ छ ।

कार्यक्रममा कर्णालीका युवाहरूले स्वास्थ्य क्षेत्रमा सक्रिय भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाउँदै टीबी तथा एन्टिबायोटिक औषधिको जथाभावी प्रयोगविरुद्धको अभियानमा आफूहरू अग्रपङ्क्तिमा रहने बताएका छन् ।

‘भदौ २४ को घटनामा सरकारको ढाकछोप स्वीकार्य छैन’



काँक्रेविहार संवाददाता
काठमाडौं, ९ जेठ

नेपाली कांग्रेसका नेता गगन थापाले भदौ २४ गते भएको घटनाको ढाकछोप गर्ने सरकारको प्रयास कुनै पनि हालतमा स्वीकार्य नहुने बताएका छन् ।

शनिबार विराटनगरस्थित कोइराला निवासमा आयोजित पत्रकार भेटघाटमा उनले सरकारले आफ्नो प्रतिबद्धता अनुसार भदौ २४ गतेको घटनाको न्यायिक छानबिन गर्न आयोग गठन गर्नुपर्ने माग गरे ।

थापाले भदौ २३ र २४ गते भएका घटनाबारे राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने बताउँदै प्रतिवेदनका आधारमा दोषीमाथि कारबाही हुनुपर्ने जिकिर गरे ।

उनले मानव अधिकार आयोगको प्रतिवेदन रोक्न दबाब दिइएको भन्ने कुरा सुनिएको उल्लेख गर्दै त्यस्ता गतिविधि नगर्न सम्बन्धित पक्षलाई आग्रह गरे ।

एक प्रश्नको जवाफमा थापाले सरकार गठन भएयता कार्यपालिकाले व्यवस्थापिका र न्यायपालिकालाई नियन्त्रण गर्ने प्रयास गरिरहेको आरोप लगाए । उनले यस्ता गतिविधि लोकतान्त्रिक अभ्यासविपरीत रहेको भन्दै कुनै पनि हालतमा स्वीकार्य नहुने बताए ।

सरकारका गलत क्रियाकलाप रोक्न आफूहरू निरन्तर प्रयासरत रहने उनको भनाइ थियो ।

फरक प्रसङ्गमा उनले मुलुकको वर्तमान अवस्था र गम्भीरतालाई ध्यानमा राख्दै पार्टीभित्र देखिएका असहमति र विमतिलाई संवादमार्फत समाधान गर्न आफू तयार रहेको बताए ।

थापाले केन्द्रीय समिति बाहिर रहेका सबै पक्षलाई समेटेर अघि बढ्न आफू सकारात्मक रहेको उल्लेख गर्दै पार्टी विधि र विधानभन्दा बाहिर गएर काम नगर्न आग्रह गरे ।

छार्का ताङसोङमा फोरजी सेवा सुचारू

काँक्रेविहार संवाददाता
डोल्पा, ९ जेठ

नेपाल टेलिकमले डोल्पाको छार्का ताङसोङ गाउँपालिकाको केन्द्र कागकोटमा फोरजी सेवा सुरु गरेको छ ।

समुन्द्री सतहदेखि चार हजार २०० मिटर उचाइमा अवस्थित मुकोटस्थित टावरमा फोरजी उपकरण जडान गरी माइक्रोवेभ रेडियोमार्फत सो सेवा सञ्चालनमा ल्याइएको नेपाल टेलिकमका प्रवक्ता डा. कमल लामिछानेले जानकारी दिए । यससँगै नेपाल टेलिकमको फोरजी सेवा पुगेका स्थानीय तहको सङ्ख्या ७५० पुगेको छ ।

माथिल्लो डोल्पामा सञ्चालनमा ल्याइएको यो पहिलो फोरजी साइट हो । अब डोल्पा जिल्लाकै डोल्पो बुद्ध गाउँपालिका र शे फोक्सुन्डो गाउँपालिका



तथा मनाङको नार्पा भूमि गाउँपालिकामा टेलिकमको फोरजी सेवा पुग्न बाँकी छ ।

नेपाल टेलिकमले निकट भविष्यमा ती स्थानीय निकायहरुमा समेत फोरजी सेवा विस्तार गर्ने कार्यलाई निरन्तरता दिने जनाएको छ ।

फोरजी सेवा विस्तारसँगै स्थानीय बासिन्दा, पदमार्गका पदयात्री र पर्यटकहरूको सञ्चार पहुँच सहज हुनुका साथै विभिन्न प्रशासनिक, सुरक्षा, स्वास्थ्य तथा शैक्षिक गतिविधिमा सहयोग पुग्ने र दुर्गम हिमाली क्षेत्रलाई आधुनिक डिजिटल नेटवर्कसँग जोड्दै समग्र क्षेत्रीय विकासमा समेत सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ ।

‘राष्ट्रको सञ्चार’ को रुपमा रहेको नेपाल टेलिकमले देशका सुगमदेखि अति दुर्गम स्थानहरूमा अत्याधुनिक दूरसञ्चार सेवा र सूचना प्रविधिको पहुँच पुऱ्याउँने आफ्नो प्रतिबद्धतालाई निरन्तरता दिइरहेको जनाएको छ ।

स्वास्थ्य बीमा नवीकरण गर्नेको संख्या घट्यो



काँक्रेविहार संवाददाता
जुम्ला, ९ जेठ

स्वास्थ्य बीमा नवीकरण गर्नेको संख्या पछिल्लो समयमा घट्दै क्रममा रहेको छ । जिल्लास्थित स्वास्थ्य बीमा बोर्ड सम्पर्क कार्यालयका दर्ता अधिकारी तीर्थराज जोशीका अनुसार यहाँका करिब एक लाख तीन हजार जना नागरिक स्वास्थ्य बीमामा आबद्ध भएका छन् ।

सक्रिय बीमा संख्या ४४ हजार ४७९ जना रहेका छन् । करिब ५६ हजारले बीमाको नवीकरण नगरेको स्वास्थ्य बीमा बोर्ड सम्पर्क कार्यालयका दर्ता अधिकारी जोशीले बताए । जिल्लाका १४ हजार ८८५ घरपरिवार बीमामा आबद्ध भएका छन् ।

ज्येष्ठ नागरिक तीन हजार ९२३, अति अशक्त अपाङ्गता ९८ र महिला स्वास्थ्य स्वंयसेविका ३०६ जनाको परिवार स्वास्थ्य बीमामा आबद्ध भएको स्वास्थ्य बीमा सम्पर्क कार्यालयका दर्ता अधिकारी जोशीको भनाइ छ ।

अति गरिब घरपरिवारका करिब १७ हजार ३१२ जनाले नवीकरण नगर्दा संख्या बढेको तथ्यांक देखाउन छ । अति गरिब घरपरिवारको निःशुल्क बीमा नवीकरण गर्ने व्यवस्था सरकारले बन्द गरेपछि जिल्लामा नवीकरण नगर्नेको संख्या बढेको स्वास्थ्य बीमा बोर्ड कार्यालयका दर्ता अधिकारी जोशीले जानकारी दिए ।

सरकारले अपाङ्गता भएका, अशक्त, कुष्ठरोगी, एचआइभी सङ्क्रमित, ज्येष्ठ नागरिकलाई निःशुल्क बीमा गर्ने व्यवस्था गरेको छ । अन्यको हकमा शुल्क लिएर एक लाख बराबरको स्वास्थ्य बीमा गर्ने गरिएको स्वास्थ्य बीमा बोर्ड कार्यालयले जनाएको छ । बीमाको जथाभावी प्रयोगले अहिले स्वास्थ्य बीमा बोर्डको केन्द्रीय कार्यालयले सहभुक्तानीको व्यवस्थासमेत गरेको छ बीमा कार्यक्रमलाई थप प्रभावकारी बनाउन प्रत्येक वडामा रहेका दर्ता सहयोगीलाई घरदैलोमा नै पठाएर नागरिकलाई बीमामा सहभागी गराउने अभियानमा रहेको स्वास्थ्य बीमा बोर्ड कार्यालयले जनाएको छ ।

नवीकरण घट्नुको मुख्य कारण सेवाको गुणस्तर तोकिएका अस्पतालमा औषधि सहज नपाइने र लामो लाइन बस्नुपर्ने बाध्यता, ढिलाइ र अस्पतालहरूले बीमित बिरामीको रकम भुक्तानी नपाएको गुनासो जस्ता कार्यले आम नागरिकलाई स्वास्थ्य बीमाप्रति जनविश्वास घटेको यहाँका स्थानीयवासी बताउँछन् । जिल्लामा वि.सं २०७४ सालदेखि स्वास्थ्य बीमाको सेवा विस्तार भएको हो ।

सरकारी...

जनहितमुखी हुनुपर्नेमा मन्त्री तिमिल्सिनाले जोड दिए । त्यस्तै लोककल्याणकारी विज्ञापनमार्फत राज्यले सञ्चार क्षेत्रलाई सहयोग गर्दै आएको उल्लेख गर्दै उनले हरेक वर्ष करिब ३० करोड रुपैयाँभन्दा बढी रकम यस शीर्षकमा खर्च हुने गरेको जानकारी दिए ।

उनले अहिलेको मिडिया परिदृश्य केही अलमलिएको, बाटो बिराइएको र असन्तुलित जस्तो देखिएको टिप्पणी गर्दै जनताको हितमा काम गर्ने सञ्चारमाध्यमले मात्रै राज्यको सहयोग पाउनुपर्ने बताए । त्यसका लागि सञ्चार क्षेत्रबाट सुझाव, सहकार्य र सुधारका लागि रचनात्मक बहस आवश्यक रहेको उनको भनाइ थियो ।

‘संघीयता खारेजका लागि संविधान संशोधन गर्नुपर्छ’

काँक्रेविहार संवाददाता
काठमाडौं, ९ जेठ

राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले संविधानबाट संघीयता हटाउन संविधान संशोधन गर्नुपर्ने बताएका छन् । संविधानलाई गतिशील दस्तावेजको रूपमा परिभाषित गरिए पनि संघीय प्रणालीलाई देशले थेग्नै नसक्ने बताए । राष्ट्रिय जनमोर्चा रुपन्देहीले शनिबार बुटवलमा आयोजना गरेको संविधान संशोधनको सन्दर्भमा गणतन्त्र र राष्ट्रियता विषयक अन्तर्क्रियामा बोल्दै अध्यक्ष केसीले भने, ‘राष्ट्रियता, संविधान, गणतन्त्र, धर्मनिरपेक्षता रक्षा र संघीयता खारेजका लागि संविधान संशोधन गर्नुपर्छ ।’

संघीयताले मुलुकको राष्ट्रियता र अर्थतन्त्रमा गम्भीर संकट ल्याएको जिकिर गर्दै उनले संघीय प्रणालीभित्रको प्रदेश हटाएमा शिक्षा र स्वास्थ्य निःशुल्क गर्न सकिने बताए । अध्यक्ष केसीले संसद, सर्वोच्च अदालतलगायत अन्य थुप्रै प्रतिष्ठानहरू खरानी पारेर सत्तामा पुगेकाहरूले संविधान संशोधनको नाममा निरंकुशता लादेर राजा ल्याउन सक्ने भएकाले गणतन्त्रवादीहरू सचेत हुनुपर्नेमा जोड दिए ।

संविधान संशोधनका मुद्दा पहिचान गर्दा गणतन्त्र र राष्ट्रियताको प्रश्नमा विदेशी हस्तक्षेपबाट मुक्त हुनुपर्ने बताउँदै उनले यो सरकार र संविधान संशोधनका



लागि बनेको कार्यदलप्रति भरोसा गर्न नसकिने बताए ।

यस्तै, सरोकारवाला निकायहरूले गणतन्त्र र राष्ट्रियताको विषयमा अस्थिरता ल्याउने खालका संशोधन स्वीकार्य नहुने, संविधानको संस्थागत विकास र समावेशितालाई बलियो बनाउने गरी संशोधन हुनुपर्ने, गणतन्त्रको संस्थागत सुधारलाई प्राथमिकता दिनुपर्नेमा उनले जोड दिए ।

केसीले अमेरिकाले संसद कब्जा गरेर निर्वाचन गराएको दाबी गर्दै यस्तो निर्वाचनबाट बनेको सरकारका कारण राजा आउने सम्भावना रहेको बताए । उनले संसद, अदालत र सेना कब्जा गरेर बनेको सरकारले कुनै पनि हालतमा देशलाई निकास दिन नसक्ने बताए । वर्षौंदेखि बस्दै आएका भूमिहीन तथा अव्यवस्थित बसोबासीलाई डोजर लगाएर हटाउने सरकारको कार्य निरंकुश र जनविरोधी भएको भन्दै अध्यक्ष केसीले सरकारको आलोचना गरे ।

लागूऔषध नियन्त्रणमा कडाइ



काँक्रेविहार संवाददाता
नेपालगञ्ज, ९ जेठ

नेपाल-भारत जमुनाहा नाकामा सशस्त्र प्रहरीले तालिमप्राप्त कुकुर परिचालन गरेपछि सुरक्षा व्यवस्था थप कडा बनाइएको छ ।

सीमा नाकामा भारतबाट आउने यात्रु र सामानको चेकजाँचमा कुकुर प्रयोग गरिन थालेपछि अवैध गतिविधि नियन्त्रणमा प्रभावकारी हुने अपेक्षा गरिएको छ ।

पछिल्लो समय नाकाबाट लागूऔषध ओसारपसारका घटना बढ्दै गएपछि नियन्त्रणका लागि तालिमप्राप्त कुकुर परिचालन गरिएको सशस्त्र प्रहरी बल नेपाल ३० नम्बर गण हेडक्वाटर बागेश्वरीले जनाएको छ ।

जमुनाहामा हाल दुईवटा तालिमप्राप्त कुकुर परिचालन गरिएको छ । ती कुकुरहरूले विशेषगरी हातहतियार, विस्फोटक पदार्थ तथा लागूऔषध जाँचमा सुरक्षा निकायलाई सहयोग गरिरहेका छन् ।

सशस्त्र प्रहरी बल नेपाल ३० नम्बर गणका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक भीमबहादुर चन्दका अनुसार सीमा सुरक्षालाई आधुनिक र प्रविधिमैत्री बनाउने उद्देश्यले कुकुर परिचालन गरिएको हो । उनले अब नियमित रूपमा कुकुरलाई सीमा नाकामा तैनाथ गरिने बताए ।

उनका अनुसार कुकुर परिचालनपछि अवैध ओसार पसार र शंकास्पद गतिविधिमा संलग्न व्यक्तिहरूमा त्रास सिर्जना भई नियन्त्रण कार्य थप प्रभावकारी हुने अपेक्षा गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय बाँकेका प्रमुख प्रहरी उपरीक्षक अंगुर जिसीले लागूऔषध ओसारपसार लगायतका गैरकानुनी गतिविधि नियन्त्रणका लागि नाकामा सुरक्षा कडाइ गरिएको बताए । उनका अनुसार कुकुर परिचालनपछि सुरक्षा व्यवस्थामा उल्लेखनीय सुधार आएको छ ।

सीमापार भारततर्फ भारतीय सुरक्षा निकाय एसएसबीले लामो समयदेखि तालिमप्राप्त कुकुर प्रयोग गर्दै चेकजाँच गर्दै आएको भए पनि नेपालतर्फ भने पहिले सीमित अवसरमा मात्र प्रयोग हुने गरेको थियो ।

हाल आएर नेपालतर्फ पनि नियमित रूपमा कुकुर परिचालन गरी चेकजाँचलाई थप प्रभावकारी बनाइएको छ ।

स्थानीय नागरिकहरूले सीमा सुरक्षालाई मजबुत बनाउन गरिएको यो कदमलाई सकारात्मक भन्दै लागूऔषध नियन्त्रणमा यसले सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन् ।

नागरिक सरोकार मञ्च बाँकेका संयोजक कृष्णप्रसाद श्रेष्ठले नेपालगन्ज आसपास लागूऔषध समस्या बढ्दै गएको भन्दै यस्तो निगरानी आवश्यक रहेको बताए ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

ओलीमाथि नेतृत्व छोड्न दबाब बढाउँदै पदाधिकारीहरू



काँक्रेविहार संवाददाता
काठमाडौं, ९ जेठ

नेताहरूको कार्य विभाजन र निर्वाचनको समग्र समीक्षा गर्न बोलाइएको नेकपा एमालेको सचिवालय बैठक शनिबार पनि बसिरहेको छ। अध्यक्ष केपी शर्मा ओलीको निवास गुण्डुमा शुक्रबार बसेको बैठकको निरन्तरता स्वरुप शनिबार पनि बैठक बसेको हो।

शनिबारको बैठकमा उपमहासचिवहरू योगेश भट्टराई, रघुवीर महासेठ र लेखराज भट्टपछि ९ जना सचिवहरूले धारणा राख्दैछन्। शुक्रबारको बैठकमा पाँच उपाध्यक्षमध्ये चार जना उपाध्यक्षहरूले ओलीलाई अध्यक्षबाट राजीनामा दिएर पार्टी पुनर्गठनमा सहयोग गर्न सुझाव दिएका थिए।

उपाध्यक्षहरूले दिएको सुझाव स्वीकार्नुको साटो ओलीले पुनर्गठनको माग गर्ने नेता कार्यकर्ताहरूमाथि कारबाही गर्ने सङ्केत गरेपछि शुक्रबारको बैठक तनावपूर्ण बनेको थियो। त्यसक्रममा अध्यक्ष ओली र उपाध्यक्ष रामबहादुर थापा बादलसँग अन्य उपाध्यक्ष विष्णु पौडेल, पृथ्वीसुब्बा गुरुङबिच नोंकझोक नै चलेको थियो। आफुविरुद्ध विगतमा आफुलाई सघाउँदै आएका सचिवालयकै नेताहरूले राजीनामा मागेपछि अध्यक्ष ओलीले केन्द्रीय कमिटी बैठकको निर्णयअनुसार अघि बढ्न सकिने आशय व्यक्त गरेका थिए।

अध्यक्ष ओलीलाई केन्द्रीय कमिटीभित्र आफू बहुमतमा रहेको विश्वास छ। तर, शनिबारको बैठकमा पनि केही पदाधिकारीले ओलीको राजीनामा माग्ने तयारी गरेको एक नेताले बताए।

'अब ओलीबाट पार्टी चल्दैन भन्ने निश्चित जस्तै भएको छ। यस्तो अवस्थामा उहाँले मार्ग प्रशस्त गरेर आफ्नो बचेखुचेको इमेज जोगाउनुपर्छ भन्ने हो', एक सचिवालय सदस्यले भने, 'बैठकमा उहाँको विकल्पमा कुरा उठ्छ।'

चार जना उपाध्यक्ष ओलीको विपक्षमा उभिएसँगै एमालेका अन्य सदस्यहरू पनि विपक्षमा उभिने आकलन भइरहेको छ। १९ सदस्यीय सचिवालयमा ओलीको पक्षमा उपाध्यक्ष रामबहादुर थापा बादल र सचिव महेश बस्नेत मात्र अडिग देखिन्छन्। बदलिएको परिस्थितिमा केही नेताहरू नखुले पनि ओलीलाई साथ दिने पक्षमा नरहेको एक नेताको भनाइ छ।

पछिल्लो समय महासचिव शङ्कर पोखरेल र विष्णु पौडेल समेत ओलीको विकल्पमा उभिएपछि उपमहसचिव लेखराज भट्ट, रघुवीर महासेठ, सचिवहरू हिक्मत ढकाल, शेरधन राई, भानुभक्त ढकाल, राजन भट्टराई र यमलाल कँडेल पनि उनीहरूसँगै उभिने बताइएको छ।

चौरमा कक्षा सञ्चालन गर्नुपर्ने बाध्यता

काँक्रेविहार संवाददाता
डोल्पा, ९ जेठ

डोल्पामा हावाहुरीले एक विद्यालयको छाना उडाउँदा लाखौंको क्षति भएको छ। शुक्रबार राति ९ बजे आएको हावाहुरीले ठूलीभेरी नगरपालिका-२ कुम्लीस्थित मन्मा आधारभूत विद्यालय भवनको छाना उडाएको हो।



हावाहुरीले विद्यालयको नयाँ दुई कोठे भवन र पुरानो एक कोठे भवनको जस्ता पाताले छाएको छाना उडाए विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नरेन्द्र भण्डारीले जानकारी दिए।

उडाएका छाना पनि नजिकै रहेको एक स्याउ बगैंचामा पुगेका छन्, जसले किसानको स्याउबारीमा समेत क्षति पुगेको छ। विव्यस अध्यक्ष भण्डारीकाअनुसार हावाहुरीले विद्यालयमा जडान गरिएको सोलार प्रणालीमा पनि क्षति पुऱ्याएको छ। छाना र सोलार प्रणालीमा गरी अनुमानित ३ लाख रुपैयाँभन्दा बढीको क्षति भएको उनले बताए।

विद्यालयको छाना उडेपछि अब पठनपाठन गराउँदा चौरमा गराउनुपर्ने अवस्था आएको विव्यस अध्यक्ष भण्डारीको भनाइ छ।

'पहिला नै विद्यालयमा भवन अभाव हुँदा पठनपाठनमा समस्या थियो। अब त झन् हावाहुरीले भएका भवनको पनि छाना उड्यो,' उनले भने, 'अब कक्षा चलेको दिन खुला चौरमै राखेर पढाउनुपर्ने अवस्था आयो।' हावाहुरी र वर्खाको समय चलिरहेकाले चौर पनि सधैं सुरक्षित नहुने अवस्था आइलागेको उनले बताए। 'स-साना बालबालिकालाई बाहिर राखेर पढाउनु पनि निकै कठिन र जोखिमपूर्ण होला। हामीसँग त्यो बाहेक तत्काल अर्को विकल्प रहेन,' अध्यक्ष भण्डारीले भने। वडाध्यक्ष कमलबहादुर क्षेत्रीले तत्काल वडाको विपद् कोषबाट त्रिपालको व्यवस्था गरेर पठनपाठन सञ्चालन गरिने बताए। दीर्घकालीन समस्या समाधानका लागि नगरपालिका, सामाजिक विकास कार्यालय र जिल्ला प्रशासन कार्यालयसँग पनि मर्मत तथा सहयोगका लागि पहल गरिने उनले बताए।

निर्माण व्यवसायी संघ, मुगु
शिलबन्दी बोलपत्रको सूचना !

प्रथम पटक प्रकाशित मिति २०८३/०२/१०

निर्माण व्यवसायी संघ मुगुको नयाँ भवन निर्माण कार्य नेपाल निर्माण व्यवसायी महासंघको अनुदान रु २५,००,००० (पच्चीस लाख) र निर्माण व्यवसायी संघ मुगुको समेतको लगानीमा छाँयानाथ रारा नगरपालिका-५, नाउरमा निर्माण गर्नु पर्ने भएकोले निर्माण कार्य गर्न इच्छुक फर्म/कम्पनीहरुले आवश्यक कागजात सहित ७ दिनभित्र यस जिल्ला संघमा शिलबन्दी बोलपत्र पेस गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि संघको सचिवालयमा सम्पर्क गर्न हुन अनुरोध छ। बोलपत्र फाराम संघको सचिवालयबाट उपलब्ध गराइनेछ।

सम्पर्क नं.- ९८५८३२२२२९



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५११३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)